# नेपालको मौलिक संस्कृति : भीमसेन

डा. राजनलाल जोशी (रास)
सहप्राध्यापक, नेपालभाषा केन्द्रीय विभाग
rasjoshi@gmail.com

## सारांश

*काठमाडौं उपत्यकालाई थातथलोको रूपमा लिंदै आएका नेवारहरू नेपाल भित्र र बाहिर विभिन्न स्थानमा बसोबास गर्दै आइरहेका छन् । धार्मिक, सांस्कृतिक रूपमा विविधता रहेको यो समुदायले आफू बसेको स्थानमा मौलिक संस्कृतिको विकास गर्ने गरेका छन् । यो समुदायले आफू जहाँ बसेपनि भीमसेनलाई आफ्नो इष्टदेवताको रूपमा पूज्ने गर्छन् । विशेषगरी व्यापारी वर्गले भीमसेनलाई पूजा आराधना नगरी दिनचर्या नै शुरु गर्दैनन् । फलस्वरूप यो समुदायले आफू जहाँ बसेपनि साना-ठुला भीमसेनको मन्दिर बनाउने गर्छन् । आस्था विश्वासका साथ पूजिंदै आएको भीमसेनलाई नेवार समुदायले मात्र व्यापारका देवताको रूपमा मात्र नरही आफ्नो पीडा कष्ट हटाउने देवताको रूपमा पनि लिने गरिन्छ । बलका देवताको रूपमा चिनिएका भीमसेनलाई कृषि र यौनका देवताको रूपमा समेत पूजिन्छ । फलस्वरूप नेवारहरूको जीवनको अंगको रूपमा विकास गरेको भीमसेन पूजनलाई संस्कृतिको रूपमा नै विकास गरेको पाइन्छ ।*

*शव्दकुञ्जि : भीमसेन, नेवार, भैरव, व्यापार, उपत्यका ।*

## परिचय

आदिकालदेखि नेपालमा बसोबास गर्दै आएका नेवारहरू इतिहासको कालखण्डसँगै विश्वको विभिन्न मुलुकमा बसोबास गर्दै आएका छन् । कतिपय नेवारहरू रोजगारीका लागि विदेशीएका छन् । कतिपय शीप प्रदर्शनका लागि कुलभूमिभन्दा टाढा गएर बसेका छन् । यी बाहेक मूल रूपमा उपत्यका केन्द्रीत भइ बसोबास गर्दै आएका नेवारहरू राज्यको वक्र दृष्टि वा राजनीतिक षडयन्त्र वा संघर्षका कारण आफू जोगिन उपत्यकाबाहिर र विश्वका विभिन्न स्थानमा बसाइ सरेको पाइन्छ । फलस्वरूप नेवारहरू भारतको सिक्किम, दार्जिलिङ, वेतिया त्यसैगरी वर्मा लगायतका स्थानमा बसोबास गर्दै आएका छन् । यसबाहेक शीप प्रदर्शन एवं व्यापारका लागि चीनको तिब्बतका साथै विश्वका विकसित मुलुकहरूमा बसोबास गर्दै आइरहेका छन् । उपत्यकालाई कूलभूमिको रूपमा अंगिकार गरेका नेवारहरू प्रमुख रूपमा राज्य एकीकरण र महामारीका कारण आफ्नो थलो छोडेको देखिन्छ । राज्य एकीकरणका क्रममा भएको संघर्ष, मल्लकालिन भक्तपुरका राजा रणजित मल्लसँग निर्वासन गएका नेवारहरू विशेषतः पश्चित नेपालतर्फ फैलिएका मध्येका हुन् । उपत्यकाबाट पूर्वतर्फ फैलिएका नेवारहरू राजा पृथ्वीनारायण शाहमाथि भक्तपुरका राजा रणजित मल्लका छोरा अवद्युत सिंको नेतृत्वमा असफल सांघातिक हमला गरेपछि ज्यान जोगाउन गएका मध्येका हुन् । दुईसयवर्ष अगाडि उपत्यकामा फैलिएको विफरको महामारीका कारण नेवारहरू पूर्वमा भोजपुर, चैनपुर, धनकुटा, संखुवासभा, रामेछाप, खोटाङ, सिन्धुली र पश्चिममा गोरखा, लमजुङ, तनहुँ र कास्कीतर्फ लागेका हुन् । तत्कालिन राजा रणबहादुर शाहले राजपरिवारबिच विफर फैलिन नदिन ठुलो संख्यामा विफरग्रस्त नेवारहरूलाई उपत्यकाको नाकाको रूपमा रहेको चारभञ्ज्याङ कटाएपछि (श्रेष्ठ, २०७८,) फैलिएका हुन् । राजा रणबहादुर शाहले आफ्ना प्रिय रानी कान्तिवतीलाई विफरबाट जोगाउन अनेक हवन पूजापाठ गर्दा समेत असफल भएपछि उनले भक्तपुरका तान्त्रिक कर्माचार्य र अन्य नेवारहरूलाई अपमानजनक ढंगले चारपाता मुडेर पूर्वतर्फ धपाएका थिए । यसरी धपाइएकाहरू विशेषतः रामेछाप, खोटाङ, सिन्धुली क्षेत्रमा बसोबास गरी आएका छन् [१]। यसरी विविध कारण थातथलो छोडेर हिंड्न बाध्य भएका नेवारहरू जुनसुकै भूमिमा गएपनि उनीहरूले आफ्नो परम्परालाई भने निरन्तरता दिंदै आएका छन् । त्यो मध्ये एक हो आफ्नो इष्ट देवता भीमसेनको अनुष्ठान ।

---

[१] अन्तर्वार्ता : प्रकाश श्रेष्ठ(५७) मन्थली, रामेछाप ।

## उद्देश्य

उपत्यकाका नेवारहरूको साझा देवताको रूपमा रहेको भीमसेनलाई उपत्यका बाहिर पनि विशेष स्थान दिएको पाइन्छ। नेवारहरूले विशेष श्रद्धा एवं भक्तिका साथ पूजिने भीमसेनलाई व्यापार व्यवसायको देवताको रूपमा पूजिने गर्छन्। फलस्वरूप आफू बसेको स्थान नजिकै भीमसेनको मन्दिर समेत निर्माण गरेको पाइन्छ। कतिपय स्थानमा मन्दिर नरहेको अवस्थामा पनि व्यापार व्यवसाय गर्ने थलोको एक कुनामा नै भीमसेनलाई स्थापना गरेको पाइन्छ वास्तवमा नेवारहरूले भीमसेनको पूजा आराधनाबिना दैनिकी नै प्रारम्भ गर्दैन भन्दा अतिसयोक्ति नहोला। यद्यपि भीमसेनलाई लिएर विविध किसिमका जिज्ञासाहरू नेवार र गैर नेवारसमुदायबिच रहेको छ। कतिपयले भीमसेन व्यापारी वर्गका रूपमा मात्र हुन् अन्यले पूजापाठ गर्नुपर्दैन भन्ने धारणा अघि सार्ने गर्छन्। कतिपयले यस देवता नेवारहरूका मात्र हुन् अर्थात् नेवारहरूले कल्पना गरी सृजित देवता हुन् भन्ने गर्छन्। व्यापार व्यवसायमा लागेकाहरूले समेत यी देवतालाई भारतमा अपुज्य रहेकोले नेपालमा पुजिनु पर्दैन भन्नेहरू छन्। प्रस्तुत लेखमा नेपालको मौलिक परम्पराको रूपमा रहेको भीमसेन परम्परा र यसमा निहित विविध पक्षबारे प्रकाश पार्ने प्रयास हुनेछ। यस कार्यले नेपालको मौलिक एवं विशिष्ट परम्परालाई उजागर गर्न सघाउ पुग्नेछ।

## अध्ययन विधि

यस अध्ययनका लागि प्राथमिक स्रोतको रूपमा स्थानीय प्रबुद्ध वर्गबिच छलफल गरेको छु। लेखक स्वय्म स्थानीय बासिन्दा भएको हुनाले प्रत्यक्ष अवलोकन विधिलाई अवलम्वन गरेको छु। यस अध्ययनको लागि द्वितीयक स्रोतको रूपमा प्रकाशित पत्रपत्रिका, पुस्तकलाई समेटिएको छु। प्रस्तुत लेख APA प्रणालीमा अघि सारेको छु।

### १.३ भीमसेन परिचय

नेवार समाजमा भिं को अर्थ शुभ र द्यः अर्थात देवता अर्थात् भिंद्यः। समग्र रूपमा भन्ने हो भने शुभ गर्ने देवता। भिंद्यःलाई भीमसेनपनि भनिन्छ। भीमसेनको व्युत्पत्ति भीम(डरलाग्दो) + सेन (युक्त) अर्थात डरलाग्दो शरीरयुक्त वा विशालकाय भएका देवता।

*भीमसेनोमहाकाय सर्वकाम फलप्रदः। युधिस्थिरानुजो देव कुन्तीपुत्र गदाधर॥*[2]

भीमसेन ठुलो शरीर भएका, सबैका मनोकांक्ष पूरा गरिदिने युधिस्थिरका भाइ र कुन्ती पुत्र। हातमा गदा समात्ने।

तर नेवारहरूले यो देवतालाई मात्र महाभारत वा अन्य पुराण आदिमा वर्णित देवताको रूपमा पूजिँदै आएका छैनन्। आफ्नै परिवार जस्तै मान्यता दिँदै जीवित देवतालाई जस्तै म्हपूजा गर्ने, जात्रा गर्ने गरेका आधारमा यो देवतालाई जीवित देवताको सूचीमा राख्न सकिन्छ। न कि नेवारहरूले मनाउँदै आएका सबै देवताको म्हपूजा गर्ने गरिन्छ। नेवारहरूले गणेश, कूल देवता, तलेजु र यदाकदा भैरब बाहेक अन्यको म्हपूजा गर्ने गरिन्न। तसर्थ यो देवता नेवार समाजको अंगको रूपमा लिन सकिन्छ। सोही कारण उपत्यकाको तीनै शहर लगायत अन्य स्थानमा भीमसेन अर्थात भीमसेनको विशेष मन्दिर स्थापना गरेको पाइन्छ। जुन परिवारको सदस्यको रूपमा रहेकोले नै हुन भन्न सकिन्छ। परिवारको सदस्य भएको हुनाले उपत्यका र उपत्यकाबाहिरका नेवारहरूले भीमसेनलाई देवीदेवताको सूचिमा अनिवार्य स्थान दिएको पाइन्छ। नेवारहरूले गणेशपछिको सबैभन्दा बढी स्थान दिइएको देवताको सूचीमा भीमसेन नै रही आएको छ। यस्को ज्वलन्त नमूना उपत्यकामा जहाँतहीं भीमसेनका मूर्ति वा मन्दिरहरूको अवस्थितिलाई मान्न सकिन्छ। भक्तपुरको सुकुलढोकाको सुखुन भीमसेन, दतात्रयको किचकवध गरीरहेको भीमसेन, भेलुखेलको

---

2 रुद्रयामलतन्त्र पूर्व खण्ड र उत्तरखण्ड गरी दुई भाग रहेको छ। उत्तरखण्ड मुद्रणप्रविधिबाट प्रकाशित भएको छ भने पूर्वखण्ड हालसम्म अप्रकाशित रहेको छ। प्रस्तुत उद्धरण हस्तलिखित रुद्रयामलतन्त्रको पूर्वखण्डको हरगौरी सम्वादबाट लिइएको हो।

परदेशी भीमसेन प्रमुख हुन् । ललितपुरको मंगलबजारमा रहेको दुशासन वध गरीरहेको भीमसेन, छाः बहाः भिंन्द्यः, च्यासल टोलको गुप्तबास बसेको भीमसेन, सुन्धाराको श्रृंगाररसले पूर्ण भइ नृत्यरत मुद्रामा रहेको चित्रकार समुदायको भीमसेन उल्लेखनीय मानिन्छ। काठमाडौंमा भीमसेन स्थान, थँवहि, तोखा र भीमफेदीको महाभारतको युद्धपछि पंचपाण्डव स्वर्ग जाने क्रममा भाले बासेपछि सिद्ध भएको भीमसेन बाहेक पाल्पा, पोखरा, सिन्धुपाल्चोकको गौराती भीमेश्वर प्रमुख हुन् भने विजयपुर (धरान)को क्षत्रपालको रूपमा भीमसेन मानिन्छ। यसबाहेक भीमसँग सम्वन्धित भीमढुंगा, भीमसेनगोला यी स्थान भीमसेनको दैहिकरूपमा सम्वन्धित मानिन्छ। यसरी प्रचलनमा रहेका भीमसेनहरूको उद्‌भव भने दोलखाको भीमसेनसँग सम्वन्धित रहेको छ। उपत्यकाको प्रचलनलाई ध्यान दिने हो भने अधिकांश भीमसेन दोलखाबाटै सारिएको मानिन्छ ।

## भीमसेनको उत्पत्ति र नेवार

विशेषतः नेवारहरू उपत्यकाबासी भन्ने गरेतापनि सभ्यताको दृष्टिकोणले नेवारहरू दोलखाबाट बसाइ सर्दै आएका हुन् कि भन्ने प्रतित हुन्छ । सर्वप्रथम भीमसेनको उत्पत्ति दोलखामा भएको कथा बाहेक काठमाडौ उपत्यका प्रवेश गर्ने प्राचीन नाका नै दोलखा मान्न सकिन्छ । एकातिर भारतीय उपमहाद्वीपको रूपमा रहेको दोलखा जुन वंगालको खाडीदेखि दामोदर नदी हुँदै सिन्धुलीको सुनकोशी र तामाकोशी हुँदै दोलखा त्यसपछि उपत्यका प्रवेश गर्ने प्राचीन नाकाको रूपमा रहेको छ भने अर्कोतर्फ तिब्बती मार्ग अर्थात प्राचीन शिल्करोड यसै स्थानमा रहेको छ। यस्को आधार भनेको महाभारतकालीन किचकवध र विराट राजाको दरवार सिन्धुलीको आसपास नै रहेकोले पनि पुष्टि हुन्छ । यसबाहेक दोलखामा हालसम्म विद्यमान पछाडिबाट धान रोप्ने परम्पराको आधारमा कृषि युगको प्रवर्द्धन हुनु पूर्वको सभ्यता झल्किन्छ [3]। जुन पछि रातो मत्स्येन्द्रनाथ दोलखा हुँदै उपत्यका प्रवेश भइ नविनतम कृषि प्रणाली भित्रिएको भन्न सकिने आधार छ। किवंदन्तीका आधारमापनि उक्त मान्यतासँग निकटतम सम्वन्ध देख्न सकिन्छ। किवंदन्ती अनुसार दोलखाली राजकन्याको विवाह काठमाडौंका थकुजुजुको छोरासँग भएपछि भीमसेन काठमाडौं उपत्यका प्रवेश गरेका थिए। राजकन्याको डोले वा भरियाका रूपमा काठमाडौं आएका भीमसेनलाई काठमाडौंको छाउनीमा खेत खन्न पठाउँदा अल्छी मानी बसेका थिए। खनजोत् नगरी खाजामात्र खाएर अल्छीमानी बसेको देखेपछि भरिया नाइकेले भीमसेनलाई गाली गरेपछि उनले पछाडि फर्केर हेर्नु त भनी खेतमा हेर्न लगाउँदा खेत खनीसकेका थिए। यो घटनापछि ती व्यक्तिको सोधखोज गर्दा ती व्यक्ति भीमसेन देवता भएको र उनको नाममा मन्दिर स्थापना गरेको भन्ने छ। यससम्वन्धमा प्रामाणिक इतिहास नभेटिएपनि हालको मन्दिरको प्राप्त अभिलेखको आधारमा ६१९ वर्ष अघि (नेसं ५२२मा) नै हालको संरचना बनीसकेको देखिन्छ [4]।

## भीमसेन को हुन् ?

नेवार परम्परा अनुसार बलि दिने व्यवस्थाबिचका यो देवतालाई कतिपयले शिव भनी पूजिने गर्छन् । शुक्लयजुर्वेद ३९ अध्याय ७, ८ र ९ मा उल्लेख अनुसार शिवको नाम दिने क्रममा उग्र, भीम, पशुपति, भव, रवि, इशान, महादेव, रुद्र दिइएको छ (शर्मा, १९८८, ७१२-७१३)। नेवार तान्त्रिकहरूले विशेष महत्व दिंदै आएको कुलार्णव तन्त्रमा १२ शिवको नाम लिने क्रममा भीम अर्थात भीमसेनपनि रहेको छ ( मिश्र, २००२, ९६)। रुद्रयामलतन्त्रमा भीमसेनको सहस्रनाम नै दिइएको छ। साथै *व्यास प्रियो मांस भोगी*। अर्थात व्यास ऋषिको प्रिय र मासु खाने भनी भीमसेनको वयान गरेको छ भने अर्को एक स्थानमा *बहुभुग्वारुणी भोक्ता* अर्थात धेरै खाना खाने र रक्सी पिउने भनी वर्णित छ। यस आधारमा कतिपयले

---

3 अन्तर्वार्ता : शिवजी प्रधान (४५) दोलखा ।

4 अन्तर्वार्ता : जयराम मल्ल थकुजुजु वंशज । २०७७ मंसिर ३ ।

भीमसेनलाई महाभारतको पात्र मान्ने गरिन्छ। भीमसेनले दुशासनको वध पश्चात रगत र मानिसको मासु खाइ समस्त क्षत्रीयहरूलाई ललकारेपछि अर्जुनले दाजुमाथि धावा बोल्न खोजेका थिए। त्यसबेला कृष्णले अर्जुनलाई रोक्दै भनेका थिए, अर्जुन उनी तिम्रा दाजु होइन। उनी शिवका अवतार मात्र हुन् (मिश्र, १९७२, ३३५-३३६)। उनी शिव- भीमसेन-भैरव, सात्विक, राजस र तामस एकै रूप हुन्। यस आधारमा पनि भीमसेनलाई शिवको रूपमा लिन सकिन्छ। यसको ज्वलन्त कीर्तिपुरको नेसं ७०७ को वाघभैरवको ताम्रपत्रमा भीमसेन भनी लेखिएको (वज्राचार्य, २०५६, ४८६)र पाटन मंगलबजारको भीमसेनलाई मणिभैरव भनिएको छ (शाक्य, २०३१, २७)।

बोन धर्मावलम्वीहरूले नेचुको रूपमा पूजिने गर्छन्। तिब्बतमा खिसोङल्दो वल्सन राजाले बोन धर्ममा रहेको तन्त्रमन्त्रलाई निस्तेज गर्नका लागि नालान्दा विश्वविद्यालयबाट शान्तिरक्षितलाई बोलाएका थिए। पछि बोन धर्मावलम्वीले पद्मसंभवलाई बोलाएका थिए। यसरी बोलावट भएपछि ल्हासामा जानका लागि आएका पद्मसंभवले त्यहाँको अवस्था बुझ्न भीमसेनलाई (नेचु) पठाएका थिए। भीमसेन परेवा भई गएका थिए। ल्हासाको घेपुङ गुम्बामा रहेको रुखमुनि यद्यपि परेवाको मूर्ति राखिएको छ (शाक्य, १११८, १)।

यसबाहेक भीमसेनलाई सुरक्षा प्रमुखको रूपमा पनि लिइन्छ। तिब्बतसँग व्यापार गर्नेहरू सार्थबाहहरूले दोलखाका भीषण डरलाग्दो व्यक्तिलाई नै सुरक्षार्थ लगिएको अनुमान गर्न सकिन्छ। भारतवर्ष र तिब्बत जोडिने बाटोमा वा तिब्बत जाने सिल्करोडमा बस्दै आएका भीमसेनलाई व्यापारको क्रममा आउने खतरालाई ध्यानमा राखेर नै लगेको हुन्। जो पछि गएर बलका देवताको रूपमा प्रसिद्धि कमाए।

शिवलाई प्रधानता दिने नेवारहरूले भैरव वा भीमको रूपले पुजेपनि भीमसेनलाई आफू अनुकुल परिवर्तन गरेर आराधना गर्ने गरेका छन्। प्रायः नेवारले व्यापारका देवता भनी पुजेपनि यस देवतालाई भविष्यद्रष्टा देवताको रूपमा पनि लिइन्छ। दोलखा भीमसेनमा आउने पसिना र अन्य परिवर्तन (राजा राजेन्द्र विक्रम शाहको शासनकालमा जमीनमा गाडिएको भीमसेनको गदा एक इंच माथि निस्केको थियो) यस्का दृष्टान्त हुन् [5]। त्यसैगरी कतिपयले बलका देवताका रूपमा लिने गरिन्छ भने आर्युविज्ञानका देवताका रूपमा पनि पूजिन्छ। काठमाडौं र दोलखामा भीमसेनलाई किसानको रूपमा लिइन्छ। माथि उल्लेखित काठमाडौं छाउनीको कथाका साथै लमजुङको रिसिङको खुल्ला ठाउँ (पाटन)मा भीमसेनले खेती प्रविधिको विकास गरीदिएका थिए। भीमसेनले सबैको भलो गर्ने क्रममा रिसिङको पाटनमा सुख्खा टारलाई भीमसेनले बाँध बाँधेका थिए। फलस्वरूप उक्त गाविस नै भीम्वादको नामले चिनिन्छ। यसबाहेक भीमसेनलाई कामवासनाको देवताको रूपमा पनि लिइन्छ। हिडम्बाजस्ता शारीरिक रूपमा विशालता रहेकी कामातुर यक्षणीलाई यौनिक रूपमा शान्त गर्न सक्ने नेवार समुदायले विशेष स्थान दिँदै आएको देवता भीमसेन नै हुन्। महाभारत वा अन्य ग्रन्थको आधारमा स्थापना भएको विश्वास गरेपनि मूलतः उक्त देवता स्थानीयकरण भइ इष्टदेवताको रूपमा स्थापित भइसकेका छन्।

## भीमसेन कस्ता हुन् ?

प्रायः मूर्तिहरूमा दुई हाते भीमसेन निकै डरलाग्दो देवताको रूपमा लिइन्छ। नेवार समुदायमा डरलाग्दो देवताको रूपमा भैरवलाई लिने गरेपनि भीमसेन भने रक्तवर्णका विशाल शरीरको धनी मानिन्छ। श्वेतवस्त्र धारणगरी जटामुकुट युक्त भीमसेनको दुई हात गदा र अभय मुद्रा रहेको हुन्छ। भीमसेनसँग सम्वन्धित भजनका आधारमा कतिपय चित्रकारहरूले भीमसेन बाघ, सिंह, नाग, हात्ती र घोडालाई नियन्त्रण लिएको अवस्था चित्रण गर्ने गर्छन् (Lienhard, 1992, 33-34). भजन अनुसार नागलाई कुल्चिएको भीमसेनले दाँया खुट्टाले बाघ बाँयाले दन्तयुक्त हात्तीलाई चेपेका, बाँया तिघ्राले सिंहलाई चेपेका र सेतो घोडालाई पछार्न खोजेको चित्र उपत्यकामा बढीमात्रामा प्रचलनमा रहेको छ। यसरी शक्तिशाली देवताको

5 अन्तर्वार्ता : शिवजी प्रधान (४५) दोलखा।

रूपमा रहेको भीमसेन लाई नेवारहरूले विशेष महत्वका साथ स्थान दिएका छन् । फलस्वरूप १२ वर्षमा एकपटक गुप्तवास राख्ने र त्यसपछि भीमसेन र देवी (द्रोपदी)बिच विवाह गराइदिने (राजा प्रतापमल्लले चलाएको) जस्ता सामाजिक कृयाकलाप गरिन्छ । यसका लागि १२ वर्षे गुप्तवासको दुईवर्ष अघि नै काठमाडौं भीमसेन गुठिका तर्फबाट प्रतिनिधि ल्हासाको भिखाछैं गइ त्यहाँका प्रजाहरूबाट सुन लगायतका पूजा सामाग्री ल्याउने परम्परा रहेको छ । ल्हासामा हरेक व्यापार एवं अन्य कार्यमा नाफाबाट केहि निश्चित रकम भीमसेनलाई छुट्याइन्छ । जुन १२ वर्षमा एकपटक नेपालमा पठाइने गरिन्छ । यसरी छुट्याइने भीमसेन भाग किरण भैरवको भाग मानिन्छ [६]।

साथै ललितपुरमा प्रत्येक वर्ष भव्य जात्रा नै गर्ने गरिन्छ । यसरी विशेष महत्वका साथ स्थान दिंदै आएको भीमसेन१२ वर्षमा एकपटक कलेवर फेर्दा उक्त देवताको अजंगताले चित्रकारले आँखा उघार्ने बेला विशेष सावधानी अपनाउने गर्छन् । चित्रकारले सम्पूर्ण शरीरमा रंग लेपनपछि सबैभन्दा पछि आँखा बनाउने गर्छन् । उक्त बेला भीमसेनसँग आँआ जुधिएला भनी अन्यत्र हेरेर दृष्टि बनाउने गर्छ र भीमसेनको सिधा दृष्टि पुग्ने स्थानमा राँगालाई बाँधेको हुन्छ । यसरी बाँधेको राँगा नै उक्त देवताको पहिलो वलिको रूपमा वलि दिइन्छ । भीमसेनसँगै भीमसेनका आसपासका देवीदेवतापनि उक्त देवताजत्तिकै शक्तिशाली एवं उपयोगी रहेको मानिन्छ (श्रेष्ठ, ११1०, ९८)। उपत्यकाको मन्दिरहरूमा रहेको कुप्रो मूर्ति धुसि आजु धुसि अजि यस्का ज्वलन्त उदाहरण हुन् । धुसि आजु धुसि अजिसँग आँखा जुधाएर हेर्नु हुन्न भन्ने मान्यताले उक्त मूर्तिको अनुहार कपडाले छोपिएको हुन्छ ( ललितपुरमा भने त्यस्तो पाइन्न ) । यसरी कुप्रो परेको मूर्तिमा कम्मर दुखेका पुरुषले धुसि आजु र महिलाले अजिको कम्मरमा तेल लगाइदिने गर्छन् (श्रेष्ठ, ११1०, ९७)। यसरी तेल लगाइ पूजा गर्ने क्रममा बाँकी रहेको सामाग्री फिर्ता लान हुन्न भन्ने छ ।

### भीमसेन संस्कृतिको विकास

महाभारत अनुसार मानिसकै रगत र मासु खाने भीमसेनलाई नेवार समुदायले अक्षरसः अनुसरण गरेका छैनन् । पूजामा विशेष गरी पेडा चढाइने र यदाकदा बलि वा माछा, मासु, लसुन, अदुवा, च्यूरा र रक्सी सहितको पूजा भने गर्ने गरिन्छ । यसरी विशेष स्थान दिंदै आएको भीमसेनले उपत्यका र नेवारहरूबिचबार्‍हौं शताव्दीमा नै व्यापकता पाइसकेको देखिन्छ । जस्को आधार नेसं २६० मा काठमाडौं भीमसेन टोलको भीमसेन लाई लिन सकिन्छ (पौडेल, २०२३, २९)। पछि महेन्द्र मल्लले थप मर्मत संभार गरेका थिए । हालको मन्दिर बनाएको र पछि पुनः प्रतापमल्लको कालमा विशाल मन्दिर स्थापना गरीदिएका थिए । यसबाहेक उपत्यकाका सर्वप्राचीन मन्दिरको रूपमा रहेको पशुपतिमा समेत भीमसेनलाई स्थान दिइएको छ । भूमिगुप्तभन्दा अगाडि अस्तित्वमा आएको पशुपति मन्दिरको टुँडालमा भीमसेनलाई नेवारहरूले पूजिने मूर्तिको स्वरूपमा स्थापना गरिएको छ (पौडेल, २०२०, ८२)। भिंद्य सांस्कृतिक रूपमा विशेष महत्वका साथ नेवारहरूले स्थान दिएजस्तै नेपालका अन्य जाति समुदायले भने पुज्ने गरेका पाइन्न । तर, पश्चिम नेपालका व्राम्हणहरू भने भीमसेन नै पुज्ने गर्छन् । साथै महाभारतमा वर्णित भीमसेनलाई रगत र मासु खाने भएकोले पूजा गरेको पाइन्न । यद्यपि भारतको गोण्डाहरू यस देवतालाई जल देवताको रूपमा पुज्ने गर्छन् । भारतको गोरखपुरमा भीमसेन रहेपनि उक्त स्थानमा समेत नेवार समुदायले पुज्ने गर्छन् । जुन जंगबहादुरले गोरखपुर भारतलाई दिनु पूर्व नेपालको सीमाभित्र पर्थ्यो ।

### भीमसेन कस्ता देवता ?

व्यापारीहरूका लागि नाफा कमाइ दिने यो देवतालाई अन्य समुदायले शुभका देवताका रूपमा लिइन्छ । फलतः भीमसेन जगाउने वा भीमसेनलाई रिसाउन लगाउने भनी उक्त देवताको मूर्तिको नाकैमा धूपको धुँवा लगाउने गरिन्छ भने मुखमा ठुलठुला पेडाले टालेको हुन्छ । यसका साथै राज्यले यसदेवतालाई

---

6 अन्तर्वार्ता : जयराम मल्ल थकुजुजु वंशज । २०७७ मंसिर ३ ।

भूत, वर्तमान र भविष्य बताउने देवताको रूपमा लिंदै आएका छन्। राज्यमा आउने कुनै परिवर्तनको संकेत अद्यापी दोलखा भीमसेनको शिलाले गर्दै आएको पाइन्छ। यसबाहेक सर्वसाधारणहरू शुभ अशुभ, दशा निवारणका लागि यो देवता पुज्ने गरिन्छ। साथै, मन्त्रतन्त्र गरी रोग निवारण गर्ने देवताको रूपमा पनि लिइन्छ। यसबाहेक खेतिका देवताको रूपमा पनि यो देवताले स्थान बनाएको छ। यस्को ज्वलन्त उदाहरण रिसिङका नेवारहरूको परम्परा र भक्तपुरका नेवारहरूको परम्परालाई लिन सकिन्छ। भक्तपुरमा धान भित्र्याइसकेपछि सबैभन्दा पहिलो पूजा नै भीमसेनको गरिन्छ। यःमरि पूर्णिमाको भोलिपल्ट यो पूजा गर्ने गरिन्छ भने त्यस लगतै भीमसेन ससुराली जाने भनी दतात्रयबाट वाराहीस्थानसम्म जात्रा गर्ने गरिन्छ। ललितपुरमा व्यापार फलिफापका लागि वर्षको एकपटक भव्य जात्रा गर्ने गरिन्छ। उपत्यकामा सम्पूर्ण नेवार व्यवसायीले वर्षको एकपटक भीमएकादशीका दिन भीमसेनलाई व्रत राखी भोलिपल्ट बलीसहितको पूजा चलाउने गर्छन्।

भीमसेनले सबैको हित गर्ने भएपनि उक्त देवतासँग गायन विधाको लागि भने अपेक्षा राख्न हुन्न भन्ने छ। मिथक अनुसार गायनका लागि इच्छुक भीमसेनले महादेवसँग गाउने कला सिक्न गएका बेला गधाको स्वरमा गायन सिकाएका थिए। जुन पछि भीमसेन रिसाएर आफ्ना गुरुलाई लखेटेका थिए। महादेव आफूलाई जोगाउन बालाप्वाः (नृत्यश्वर देवताको प्वाल)मा छिरेका थिए भन्ने छ। त्यसैले नेवार समुदायले यो देवतासँग गायनका लागि आशिष थाप्न हुन्न भन्ने छ।

### निष्कर्ष

नेवार समाजको अभिन्न अंगको रूपमा विकास भइसकेको भीमसेन बिना नेवार संस्कृतिको परिभाषा गर्न कठिन बन्ने निश्चित छ। अन्य समुदायले यो देवताको पूजनमा खासै स्थान दिएको छैन। यद्यपि सभ्यताको विकाससँगै नेवारहरूसँगै विभिन्न स्थान पुगेको यो देवता नेवारसमाजको पहिचानको रूपमा बन्न पुगेको छ। मानवीय जीवनमा गरिने विविध पूजा पर्व मनाइने भीमसेन देवता काठमाडौंको इतिहासले मूर्त रूप नपाएको बेला मूर्त रूप लिएको पाइन्छ। नेवार समाजमा अपरिहार्य देवताको रूपमा रहेको भीमसेन संस्कृतिको रूपमा विकास भइसकेको छ। यस आधारमा नेवार सभ्यता उजागरका लागिपनि भीमसेन संस्कृतिको जगेर्ना थप आवश्यक छ।

## सन्दर्भ ग्रन्थ

पौडेल, नयनाथ (विसं २०२०), *भाषा वंशावली १*। काठमाडौं : पुरातत्व विभाग।

पौडेल, नयनाथ (विसं २०२३), *भाषा वंशावली* २। काठमाडौं : पुरातत्व विभाग।

मिश्र, कन्हैयालाल (विसं १९७२), *भारतसार-भाषा*। बम्बई : खेमराज श्रीकृष्णदास।

मिश्र, परमहंस (सन् २००२), *कुलार्णवतन्त्रम्*। वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

वज्राचार्य, धनवज्र (विसं२०५६), *मध्यकालका अभिलेख*। काठमाडौं : नेपाला र एशियाली अनुसन्धान केन्द्र।

शर्मा, जयदेव (सन् १९८८), *यजुर्वेद संहिता*। अजमेर : आयर्यसाहित्य मण्डल।

शाक्य, हर्षमुनि (नेसं१११८ ञलागा १३), नेवाःतय्सं हनाच्वंम्ह भिंद्यः धर्मपाल खः, पंचपाण्डवया भिम मखु, *सन्ध्याटाइम्स शुक्रबाःया तँसापौ* पृ. १।

शाक्य, हेमराज (विसं २०३१), *मणिगल राजप्रासाद*। ललितपुर : मंगलबजार बुद्धजयन्ती समारोह समिति।

श्रेष्ठ, सुदिप (विसं २०७७ वैशाख३), काठमाडौंका नेवारले ठुलो मूल्य चुकाएको २२३ वर्षअघिको महामारी। https://www.setopati.com

श्रेष्ठ, सुरेन्द्रमान (नेसं ११९०), भिन्द्यः, *गुँच्वः १:१*। पेज ९३-१०१।

Lienhard, Siegfried (A.D.1992), *Songs of Nepal*. Delhi : Motilal banarasidass publishers.